# एरिस्टोटलको विरेचन सिद्धान्त

## १. परिचय

ग्रिसेली शब्द katharsis को अङ्ग्रेजी रूपान्तरण purgation र त्यसको नेपाली रूपान्तरण विरेचन हो । ग्रिसेलीमा आयुर्वेदका क्षेत्रमा बढी प्रचलित शब्द क्याथर्सिसको अर्थ निष्कासन, बहिर्गमन, मलशुद्धि आदि भन्ने हुन्छ । चिकित्साशास्त्रमा विरेचनको अर्थ रेचक औषधीद्वारा शारीरिक विकारहरूको निष्कासन र शुद्धीकरण वा पेटको मल निष्कासन वा मलशुद्धि भन्ने हुन्छ । एरिस्टोटल वैद्यपुत्र भएकाले उनलाई चिकित्साशास्त्रीय राम्रै ज्ञान भएको बुझिन्छ । वैद्य पिताले रेचक औषधी प्रयोग गरी पेटको रोग निको पार्न वा पेटका विकारहरूलाई हटाउन वा पेटका खराब तत्त्व फालेर व्यक्तिलाई विकारमुक्त र स्वस्थ बनाउन गरेको औषधी प्रयोगबाट परिचित भएकाले आयुर्वेद वा चिकित्साशास्त्रका क्षेत्रमा प्रचलित क्याथर्सिस शब्दलाई साहित्यिक क्षेत्रमा भित्र्याएर त्यसलाई सैद्धान्तिकीकरण गर्ने काम एरिस्टोटलबाट भएको हो ।

विश्वप्रसिद्ध ग्रिसेली दार्शनिक एवं चिन्तक एरिस्टोटलका विरेचन सिद्धान्तको पृष्ठभूमिमा प्लेटोको कलासाहित्यमाथिको आक्षेप उल्लेख्य रहेको छ । काव्यले व्यक्तिको मनोवेग/कामवासनालाई उत्तेजित पार्छ र त्यसलाई दमन गर्नाको सट्टा पोषण र सेचन गर्छ भन्ने प्लेटोको कलासाहित्यमाथिको गम्भीर आक्षेपप्रति असहमति जनाउँदै त्यसको परोक्ष खण्डन गर्ने अभिप्रायबाट एरिस्टोटलले विरेचन सिद्धान्त प्रतिपादन गरेका हुन् । काव्यकलाले पाठकको आवेग/मानसिकतालाई उत्तेजित तुल्याएर उसलाई उराल्ने र बराल्ने काम गर्छ भन्ने प्लेटोको आरोपप्रति असहमति जनाउँदै त्यसैको परोक्ष खण्डनका क्रममा एरिस्टोटलले जसरी पेटमा उत्पन्न विकारबाट मानिस बिरामी हुन्छ र उसलाई रेचक औषधी वा जुलाफको सेवनबाट विकार वा खराब वस्तु निकालेर स्वस्थ बनाइन्छ त्यसैगरी कलासाहित्यले पनि पाठकको विकारयुक्त वा अशुद्ध मनलाई शुद्ध तुल्याउने काम गर्छ भन्ने कुराको सङ्केत गरेका छन् । एरिस्टोटलले

विरेचनको विस्तृत व्याख्या नगरेको हुँदा यसको खास तात्पर्य यही हो भन्नेचाहिँ स्पष्ट छैन ।

एरिस्टोटलले आफ्नो **पोलिटिक्स** नामक कृतिमा सङ्गीतवारे चर्चा गर्दै विरेचनको सन्दर्भलाई यसरी प्रस्तुत गरेका छन् :

> सङ्गीतबाट बौद्धिक आनन्दका साथै परिश्रमपछि मनोरञ्जन पनि प्राप्त हुन्छ । सङ्गीतका सबै रागहरू प्रयोग गर्ने विधि एउटै हुँदैन । शिक्षकका निम्ति सबभन्दा बढी नैतिक रागलाई प्राथमिकता दिनुपर्छ तर अरूका सङ्गीत सुन्दा कार्य र आवेगलाई अभिव्यक्त गर्ने रागहरूबाट पनि आनन्द लिन सकिन्छ किनभने त्रास र करुणा वा आवेग केही व्यक्तिमा ज्यादै प्रबल हुन्छ र त्यसको केही न केही प्रभाव सबैमा पर्छ । कुनै व्यक्ति दैवी प्रकोप वा महामारी 'हाल' को स्थितिमा परेपछि रहस्यात्मक आवेगलाई जागृत गर्ने धार्मिक रागहरूवाट तिनीहरूका आवेगको शमन र विरेचन भएझैँ तिनीहरू शान्त हुन्छन् । प्रत्येक भावुक व्यक्ति त्रास र करुणाको उद्बोधन प्रक्रियाबाट एकखाले शुद्धिको अनुभूति गर्छ र उसको मन प्रसन्न हुन्छ । यस्ता विरेचनशील रागहरूले मानव समाजलाई निर्दोष आनन्द प्रदान गर्छन् ।

एरिस्टोटलले सङ्गीतसम्बन्धी उपर्युक्त सन्दर्भ प्रस्तुत गर्दै विरेचनको विशेष व्याख्या **पोइटिक्सम**ा गर्ने भन्ने उल्लेख गरेको पाइए पनि त्यसमा त्यो व्याख्या उपलब्ध नभएकाले यिनको विरेचनको अभिप्राय यसै हो भनी किटान गरेर भन्नसकिने अवस्था छैन ।

एरिस्टोटलले दुखान्तक सङ्गठनको व्याख्याका क्रममा विरेचन सिद्धान्तका वारेमा यस्तो अभिव्यक्ति दिएका छन्–

> *त्रास र करुणाको उद्बोधनद्वारा मनोविकारहरूको उचित विरेचन हुन्छ ।*

दुखान्तकबाट विशिष्ट खालको आनन्द प्राप्त हुन्छ र त्यो अनुकरणका माध्यमवाट त्रास र करुणा जगाएर निष्पन्न हुन्छ भन्ने एरिस्टोटलको धारणा रहेको छ । पाठक वा दर्शकमा विरेचन हुनाका लागि दुखान्तकमा प्रतिकूल नभए र अनुकूल स्थिति हुनाका साथै नायक-नायिकामा सदोषता र उत्तरदायित्व हुनुपर्छ भन्ने यिनको दृष्टिकोण छ ।

एरिस्टोटलको यिनै अभिव्यक्तिका आधारमा विरेचनको व्याख्या गर्नुको विकल्प नभएकाले उत्तरवर्ती विद्वान्हरूले यिनको यसै सङ्क्षिप्त टिप्पणीलाई आधार बनाएर विरेचनलाई विभिन्न ढङ्गले अर्थ्याउने काम गरेका छन् ।

## २. विरेचनका विभिन्न अर्थ

एरिस्टोटलले विरेचनको स्पष्ट व्याख्या नगरेको हुँदा उत्तरवर्ती विद्वान्हरूले आआफ्नै बुझाइअनुसार भिन्नाभिन्नै ढङ्गले अर्थ्याएका छन् । कसैले यसलाई चिकित्साशास्त्रीय दृष्टिबाट, कसैले धार्मिक दृष्टिबाट, कसैले नैतिक

दृष्टिबाट अनि कसैले कलाका दृष्टिबाट व्याख्या गरेका छन् । यी विभिन्न खाले व्याख्यालाई सङ्क्षेपमा तल प्रस्तुत गरिन्छ :

## (१) चिकित्साशास्त्रीय अर्थ

वैद्यपुत्र एरिस्टोटलले चिकित्साशास्त्रीय क्षेत्रबाट विरेचन शब्दको ग्रहण गरी त्यसलाई साहित्यिक सन्दर्भ दिने प्रयत्न गरेका छन् । परिवेशजन्य कारणले आफू परिचित रहेको क्षेत्रबाट शब्द ग्रहण गर्नुलाई स्वाभाविकै मानिन्छ । वैद्यद्वारा रोगीका पेटको मल र रोगलाई रेचक औषधीद्वारा उत्तेजित तुल्याएर त्यसलाई निष्कासन गरी रोगीलाई शान्त र स्वस्थ तुल्याउने विरेचन प्रक्रियासँग जोडेर यसलाई साहित्यिक सन्दर्भ दिने कार्य एरिस्टोटलले गरेका छन् । त्रासदीलगायतका काव्यकलाद्वारा मानवीय मनोविकारलाई प्रथमतः उद्दीप्त तुल्याउने र विरेचन प्रक्रियाबाट शान्त पार्ने काम गरिन्छ भन्ने यिनको दृष्टिकोण रहेको छ । यस दृष्टिबाट विरेचनको महत्ता दर्साउँदै यिनले गुरु प्लेटोद्वारा लगाइएका काव्यप्रतिको आक्षेपको खण्डन गरेको देखिन्छ । मिल्टन, गेटे र जेकब अर्नाजले त्रासदीलाई यसै चिकित्साशास्त्रीय अर्थमा ग्रहण गरी विरेचनसम्बन्धी आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् ।

चिकित्साशास्त्रमा आधारित यस व्याख्याको निकै आलोचना गरिएको पाइन्छ । त्रासदीले आफ्नो कार्य सम्पादनपश्चात् विरेचक औषधीको कार्य गर्छ भन्दै काव्यानन्दलाई औषधीको प्रभावपछि उत्पन्न आरामका समकक्षमा राख्नु त्यसको अवमूल्यन गर्नु हो भनी चिकित्साशास्त्रीय अर्थको आलोचना गरिएको छ । यदि यस धारणालाई सही मान्ने हो भने त्रासदी रेचक औषधी र प्रेक्षागृह शौचालयतुल्य हुन्छ र यस अवस्थामा कवि रोगीको लक्षणअनुसार रेचक औषधी दिने वैद्य मात्र हुन्छ भन्ने यसका आलोचकहरूको दृष्टिकोण रहेको छ । बुचरले विरेचनलाई चिकित्साशास्त्रीय अर्थमा मात्र सीमित गर्ने हो भने एरिस्टोटलको साहित्य र कलासम्बन्धी दृष्टिकोणमाथि नै प्रश्नचिह्न लाग्नसक्छ, जुन काम उचित होइन भनेका छन् । यसर्थ विरेचनलाई यति सङ्कुचित अर्थमा प्रस्तुत गर्नु उपयुक्त हुँदैन ।

## (२) धार्मिक अर्थ

प्राचीन ग्रिसमा महामारीको प्रकोपमा त्रासदीको मञ्चन गरिन्थ्यो । यस्तो दुख वा पीडाका अवसरमा यसको प्रस्तुतिको उद्देश्य दर्शकलाई मनोरञ्जन गराउनु नभएर त्रासदीका माध्यमबाट बाह्य उत्तेजनालाई शमन गरी आत्मिक शान्ति पैदा गर्ने भन्ने हुन्थ्यो र यसलाई धर्म वा आत्माको विषय मानिन्थ्यो । त्रासदीको प्रदर्शन धार्मिक दृष्टिबाट गरिने हुँदा विरेचनको अर्थ पनि धार्मिक

लगाइयो । एरिस्टोटलले आफ्नो कृति पोलिटिक्समा 'हाल' नामक दैवी प्रकोप वा महामारी हुँदा उन्मुक्त सङ्गीतको प्रयोग गरी त्यसबाट मुक्ति प्राप्त भएको बताएका छन् ।

विरेचनलाई धार्मिक सन्दर्भसँग जोडेर अर्थ्याउने प्रमुख व्यक्ति ग्रिसेली वाङ्मयका विशिष्ट व्याख्याता गिल्बर्ट मरे हुन् । प्राचीन ग्रिसमा डायनोसिस देवतासँग सम्बद्ध उत्सवबाट नाटकको थालनी भएको भन्दै यिनले त्यस उत्सवलाई विरेचनात्मक वा शुद्धीकरणको प्रतीक बताएका छन् । इस्वीपूर्व ३६१ तिर रोममा ठूलो महामारी फैलिएको र त्यसबाट मुक्ति पाउने विश्वास गरी धार्मिक प्रयोजनबाटै रोममा ग्रिसेली दुखान्त नाटक आमन्त्रण गरी मञ्चन गरिएका सन्दर्भबाट पनि विरेचन धर्मसँग जोडिन पुग्यो । प्राचीन ग्रिसमा वर्षारम्भमा डायनोसियस देवतालाई प्रसन्न तुल्याउन विशेष समारोह वा धार्मिक उत्सवको आयोजना गरिन्थ्यो । त्यस समारोह वा उत्सवमा गतवर्ष गरिएका पापकर्म वा अधार्मिक कार्य दोषको परिहार र आगामी वर्षको सुखशान्तिका लागि प्रार्थना गरिन्थ्यो । त्यस अवसरमा प्रस्तुत गरिने त्रासदीमा पनि यस्तै प्रकारको धर्मसिद्ध शान्तिको कामना गरिन्थ्यो । दुखान्तकबाट बाह्य उत्तेजना सिर्जना गरी आन्तरिक र दैवी प्रकोपको शमन गर्दै आत्मिक शुद्धिशान्ति गर्नु अर्थात् दुखान्तकले प्रदान गर्ने त्रास र करुणाको बाह्य उत्तेजनाबाट दर्शकको आत्मा शुद्ध र शान्त पार्नु नै गिल्बर्ट मरेका दृष्टिमा विरेचन हो ।

गिल्बर्ट मरे प्राचीन ग्रिसेली संस्कृति र वाङ्मयका विशिष्ट विद्वान् व्याख्याता भएर पनि विरेचनलाई सामान्य धार्मिक सन्दर्भमा सीमित गर्नु उपयुक्त नभएको भन्ने थुप्रै विद्वान्हहरूको टिप्पणी रहेको छ । विरेचन सिद्धान्तको जगमा चिकित्साशास्त्रीय सन्दर्भ भए पनि दुखान्तकका परिप्रेक्ष्यमा यसको अर्थ निकै विस्तार भइसकेको हुँदा यसलाई आत्माको शुद्धिशान्ति भन्दै धार्मिक अर्थमै सीमित गरेर खुम्च्याउनु उपयुक्त देखिँदैन ।

### (३) नैतिक अर्थ

नैतिक दृष्टिबाट पनि विरेचन सिद्धान्तलाई अर्थ्याइएको पाइन्छ । जर्मन विद्वान् बार्नेजले यसलाई सर्वप्रथम नैतिक सन्दर्भबाट अर्थ्याएपछि रेसिन, कार्नेइलगायतका विद्वान्हरूले पनि यही अर्थलाई स्वीकार गरेका छन् । त्रास र करुणाभाव मानवमनमा सदैव रहने र मनलाई आक्रान्त तुल्याउने भाव हुन् । अनिष्टको आशङ्काबाट यस्तो भाव पैदा हुन्छ र त्यस प्रकारको अनिष्टकारी वा भयोत्पादक भावले मानवलाई सुखशान्तिपूर्वक जिउन दिँदैन । प्रेक्षागृहको नियन्त्रित, सीमित र अनुशासित परिवेशमा त्रासदीको प्रदर्शन गरी दर्शकका मनमा विद्यमान भावना उद्दीप्त र जागृत गराउने अनि फेरि शान्त तुल्याउने

काम गरिन्छ । विकारको पीडा समाप्त भएपछि मानिसको मन स्वस्थ हुन्छ र सामाजिक जीवनमा ऊ योग्य नागरिकका रूपमा जीवनयापन गर्न समर्थ हुन्छ ।

मानसिक स्वास्थलाभको नैतिक उद्देश्य रहेकाले विरेचनलाई नीतिपरक वा नैतिक अर्थ प्रदान गरिएको हो । आधुनिक युगको मनोविज्ञानले पनि यसलाई स्वीकार गर्छ । मनोविज्ञानअनुसार मान्छेका चेतन, अवचेतन र अचेतन गरी मनका तीन तह हुन्छन् र उसका अतृप्त कामवासना अचेतनमा भण्डारण हुन्छन् । अनेक विकारका कारण मनोग्रन्थिको निर्माण हुन्छ । मनोविज्ञानको मनचिकित्साप्रक्रियामा पनि अचेतनमा दमित भावना वा विकारलाई बाहिर निकालेर रोग निको पार्ने प्रयास गरिन्छ । त्रासदीले पनि मान्छेको अचेतनका विकारलाई उद्दीप्त पारी शमन गर्नसक्छ । यसर्थ एरिस्टोटलको विरेचन सिद्धान्तको नैतिक अर्थ मनसँग गाँसिएको हुँदा आधुनिक मनोविज्ञानले समेत यसलाई स्वीकार गरेको देखिन्छ । पूर्वीय साहित्यको रस सिद्धान्तमा आलम्बन र उद्दीपन विभावद्वारा स्थायीभावलाई उद्‌बुद्ध तुल्याउने भन्ने दृष्टिकोणसँग पनि विरेचनको नैतिक अर्थ बढी साम्य रहेको देखिन्छ ।

### (४) कलात्मक अर्थ

कलाबाट प्राप्त हुने सुख, आनन्द र शान्तिका सन्दर्भबाट पनि विरेचन सिद्धान्तलाई अर्थ्याइएको छ । एरिस्टोटलको काव्यशास्त्रका व्याख्याता बुचर, जर्मन महाकवि गेटेलगायत बेलायती कवि एवं समालोचकहरूले समेत विरेचनलाई कलात्मक अर्थ प्रदान गरेका छन् । बुचरका अनुसार दया, त्रास, करुणा आदि भावलाई जागृत गराउन र शान्त गराउन सकिन्छ । कलाको वास्तविक उद्देश्य कलात्मक शान्तिको प्राप्ति नै हुन्छ । कलाको मूल्याङ्कन कलात्मक परिष्करण र कलात्मक आनन्दका दृष्टिबाट गर्नु उपयुक्त हुन्छ । कला भावात्मक र अभावात्मक दुवै भए पनि भावात्मक पक्ष अधिक महत्त्वपूर्ण हुन्छ । दुखान्तकको अभीष्ट त्रास र करुणाको अभिव्यञ्जना मात्र नभएर मनोभावलाई कलात्मक सन्तुष्टि प्रदान गर्नु पनि हो । त्रास र करुणालाई कलाका माध्यमबाट परिष्कृत तुल्याउनु पर्छ । यसरी हेर्दा बुचरका दृष्टिमा विरेचनको अभिप्राय मानसिक परिष्कार मात्र नभएर कलात्मक परिष्कार पनि रहेको देखिन्छ । मन परिष्कृत र सन्तुलित भएपछि वा त्रास र करुणाजस्ता मनोवेगको दंशबाट मुक्त भएपछि मात्र त्यो मन कलात्मक आस्वादका निम्ति उपयुक्त हुन्छ । विरेचनको अभिप्राय परिष्कृत मनस्थितिको निर्माण र त्यसबाट कलात्मक आस्वादन प्राप्त गर्नु भन्ने हुन्छ । यसरी बुचरले मनलाई परिष्कार गर्ने मात्र नभएर कलात्मक आस्वादन गर्ने सन्दर्भबाट पनि विरेचनलाई अर्थ्याएका छन् । अन्य विद्वान्‌हरूको व्याख्या पनि लगभग यस्तै छ ।

कलात्मक वा सौन्दर्यमूलक सन्दर्भबाट आनन्द प्राप्त हुन्छ र यही विरेचन हो भन्ने अभिप्राय चिकित्साशास्त्रीय, धार्मिक, नैतिक अर्थभन्दा बढी वस्तुगत र व्यावहारिक देखिन्छ ।

हर्बट रिडजस्ता कतिपय विद्वान्हरूले विरेचनलाई सुरक्षा कवचका रूपमा व्याख्या गरेका छन् । तिनीहरूका अनुसार त्रास र करुणा यथार्थ जीवनमा धेरै कष्टकर हुन्छन् र तिनको समग्र निराकरण पनि सम्भव छैन । यसर्थ जीवनको उपयोगिता वा सुरक्षाका लागि यसको प्रयोग गर्न सकिन्छ । त्रास र करुणाजस्ता परस्परविरोधी मनोभावलाई समन्वय गरी तिनको प्रभाववाट आनन्द प्राप्त गर्नसकिन्छ भन्ने समन्वयवादी दृष्टिकोणबाट पनि विरेचनलाई अर्थ्याइएको पाइन्छ ।

यसरी विरेचनलाई विभिन्न ढङ्गबाट अर्थ्याएर व्याख्या गरेको पाइए पनि विरेचनमा अन्तर्निहित अर्थ शुद्धीकरण, शान्ति, आनन्द, उन्नयन र सन्तोप प्रदान गर्नु नै भन्ने देखापर्छ । यो कार्य अभिनेता वा पाठक-दर्शकमध्ये कसमा हुन्छ भन्ने बारेमा मतभेद पाइए पनि लेसिङजस्ता कतिपय विद्वान्हरूले यसले पाठक-दर्शकलाई नै शान्ति, आनन्द र सन्तोष प्रदान गर्छ भनेका छन् । खासमा त्रास र करुणाभाव दुखात्मक भए पनि काव्यका माध्यमबाट यी भावले सुख र शान्ति प्रदान गर्छ भन्ने मानिन्छ ।

एरिस्टोटलले सूत्रात्मक रूपमा प्रस्तुत गरेको विरेचनसम्वन्धी अवधारणाालाई उत्तरवर्ती विभिन्न विद्वान्हरूले आआफ्नै ढङ्गले व्याख्या गरेर अर्थ्याएको पाइए पनि ती सबै व्याख्या उत्तिकै वस्तुगत देखापर्दैनन् । चिकित्साशास्त्रीय सन्दर्भबाट विचार वा मनशुद्धिलाई बढी जोड दिएको देखिन्छ भने धार्मिक सन्दर्भबाट हेर्दा धार्मिक उत्सवबाट पापकर्मको समाप्ति र आत्मिक शुद्धीकरण हुन्छ भनिए पनि यी दुवै दृष्टिकोण त्यति वस्तुगत र वैज्ञानिक देखिँदैनन् । नैतिक सन्दर्भबाट हेर्दा कलाको सम्वन्ध मानवमूल्यसँग र मानवमूल्यको सम्बन्ध नैतिक मूल्यसँग रहेकाले व्यक्ति मनका खराब पक्षलाई हटाई नैतिक पक्ष कायम हुने कुरा बताइएको छ । यो अर्थ पनि उति वस्तुगत देखिन्न । एरिस्टोटलको विरेचन सिद्धान्तको कलात्मक अर्थ अन्य अर्थभन्दा अलि बढी वस्तुवादी देखिन्छ । यसको प्रत्यक्ष सम्बन्ध प्लेटोद्वारा लगाइएको कलामाथिको आक्षेपको खण्डनसँग रहेको र त्यो अलि बढी वस्तुगत र व्यावहारिकसमेत रहेको छ ।

## ३. उपसंहार

एरिस्टोटलको विरेचन सिद्धान्त स्थापनाको प्रमुख कारण प्लेटोद्वारा कलामाथि लगाइएको आक्षेपको खण्डन नै रहेको छ । प्लेटोले साहित्यलाई नबुझी त्यत्तिकै आक्षेप लगाएको नभई त्यसको प्रभावकारिता राम्ररी बुझेरै त्यसमाथि आक्षेप लगाएको देखिन्छ । एरिस्टोटलद्वारा चिकित्साशास्त्रका क्षेत्रबाट साहित्यशास्त्रमा भित्र्याएर सैद्धान्तिकीकरण गरिएको विरेचन सिद्धान्तको प्रत्यक्ष सम्बन्ध पाठक वा दर्शकको मनसँग रहेको देखिन्छ । दुखान्तकबाट त्रास र करुणाको उद्बोधन भई पाठकको मन विरेचित हुन्छ भन्ने कुरामै यसको सैद्धान्तिक आधार अडेको छ । चिकित्साशास्त्रमा रेचक औषधीद्वारा पेटको शुद्धीकरण गर्ने अर्थ बोकेको विरेचनलाई कलासाहित्यका क्षेत्रमा विचारशुद्धिका अर्थमा प्रयोग गारिएको छ । जसरी वैद्यद्वारा पेटमा उत्पन्न विकारले पीडित व्यक्तिलाई विरेचक औषधी खुवाएर पेटबाट मल निष्कासन गरी शारीरिक एवं मानसिक शान्ति, सन्तुष्टि प्रदान गरेर स्वस्थ बनाइन्छ त्यसरी नै मानवका वासनालाई उद्बुद्ध गरी विरेचित गर्नुपर्छ र मानवमनलाई विरेचित गर्ने सबैभन्दा उत्तम साधन त्रासदी हो भन्ने एरिस्टोटलका दृष्टिकोण रहेको छ । वासना मानवको सहजात, नैसर्गिक वा अनिवार्य गुण हो । मानवमा शूरता, वीरता, प्रेमप्रणय, साहसजस्ता उच्चभावनाका साथै भय, करुणाजस्ता हीनभावना पनि हुन्छन् । यस्ता भावनाहरूको दमनबाट समस्याको समाधान हुँदैन किनभने यस्ता भावना दमन गरिएमा फेरि उपयुक्त अवसर पाउनेबित्तिकै जागृत भइहाल्छन् ।

एरिस्टोटलले त्रासदीलाई काव्यको सर्वश्रेष्ठ विधा मानी विरेचन सिद्धान्तको व्याख्या त्यसकै सन्दर्भबाट गरेका छन् भने उत्तरवर्ती विद्वान्हरूले सर्वश्रेष्ठ विधामा लागू हुने सिद्धान्त अन्य विधामा पनि लागू हुनुपर्छ भन्ने दृष्टिकोण अगि सारेका छन् । मानवजीवनलाई नै नकारात्मक प्रभाव पार्ने गरी प्लेटोले कवि र काव्यमाथि लगाएको आक्षेपको खण्डन गरी सही दिशा प्रदान गर्नु तथा पछिल्ला साहित्य चिन्तनलाई समेत प्रभावित तुल्याउनु विरेचन सिद्धान्तको खास पहिचान, महत्त्व र विशेषता हो । प्लेटो र एरिस्टोटल दुवैले त्रास र करुणालाई अप्रिय भाव माने पनि प्लेटो आदर्श गणराज्यका आदर्श नागरिकका लागि काव्यलाई त्यज्य वस्तु मान्दै कविलाई देश निकाला गर्ने कुरा बताउँछन् भने एरिस्टोटल प्रेक्षागृहको नियन्त्रित परिवेशमा काव्यात्मक भ्रम (poetics illusion) द्वारा त्यसलाई उद्बुद्ध गरी त्यसको शमन र परिष्कार गर्नुपर्छ भन्छन् । वासना परिष्कार गरिसकेपछि शान्ति र आनन्द प्राप्ति हुन्छ र सामाजिक जीवनमा स्थिरता आउँछ भन्ने एरिस्टोटलको दृष्टिकोण छ । कवि र काव्य हेय, असत्य, समाजविरोधी, तर्कविरोधी, विलासी, क्षुद्र वासनाका पृष्ठपोषक हुन्छ भन्ने प्लेटोको दृष्टिलाई एरिस्टोटलले तार्किक रूपमा खण्डन गर्दै विरेचन सिद्धान्तको स्थापना गरेका हुन् ।

विभिन्न दृष्टिबाट विरेचन सिद्धान्त महत्त्वपूर्ण हुँदाहुँदै पनि त्रासदीबाट मनोभाव उत्तेजित भएपछि त्यसको शमन भई शान्ति प्राप्त हुन्छ भन्ने कुरा बेठीक हो भन्दै त्यसको आलोचना गरिएको पाइए पनि कलासाहित्य समीक्षाका क्षेत्रमा विरेचन सिद्धान्तको भूमिका महत्त्वपूर्ण रहेको छ । त्यति पहिले स्थापित यस सिद्धान्तको सम्बन्ध मनोविज्ञानसँग समेत जोडिएका कारणबाट पनि यसको महत्त्व अझ बढेको देखिन्छ । पूर्वीय रससिद्धान्त र एरिस्टोटलको विरेचन सिद्धान्तका बीचमा पनि निकै समानता पाइन्छ । रसको साधारणीकरणबाट प्राप्त हुने आनन्द र विरेचनबाट प्राप्त हुने आनन्दको प्रक्रिया उस्तैउस्तै रहेको देखिन्छ । यी सबै दृष्टिबाट एरिस्टोटलको विरेचन सिद्धान्तलाई एउटा प्रभावकारी साहित्यिक सिद्धान्त मान्न सकिन्छ ।

बीसौं शताब्दीका प्रसिद्ध समालोचक आई.ए. रिचर्डस एरिस्टोटलको विरेचन सिद्धान्त तथा कलरिजको कल्पना सिद्धान्तबाट प्रभावित देखिन्छन् । यिनले मूल्य सिद्धान्तको प्रतिपादनमा विरेचन सिद्धान्तलाई विशेष महत्त्व दिएका छन् । वैयक्तिक मनोविज्ञानमा आधारित रिचर्डसको मूल्य सिद्धान्त र कलरिजको कल्पना सिद्धान्तमा एरिस्टोटलका विरेचन सिद्धान्तको प्रभाव पाइन्छ । पछिल्लो समयका यी दुवै सिद्धान्तले मनोवैज्ञानिक सन्दर्भबाट विरेचन सिद्धान्तको महत्तामाथि प्रकाश पारेका छन् । रिचर्डसको मूल्य सिद्धान्तले कलरिजको कल्पना सिद्धान्त र एरिस्टोटलको विरेचन सिद्धान्तबाट विशेष आधार प्राप्त गरेको ठानिन्छ । 'विरोधी आवेगहरूको सन्तुलन र समन्वय कल्पनाबाट हुन्छ' भन्ने कल्पना सिद्धान्त र 'दुखान्तकले करुणा र त्रासजस्ता विपरीत पक्षलाई समन्वय गराई भावकका मनको विरेचन गर्छ' भन्ने विरेचन सिद्धान्तका बीचमा मनोवैज्ञानिक सन्दर्भबाट निकटता रहेको मानिन्छ । मानसिक विकारबाट मुक्ति वा मनको शुद्धीकरणका लागि त्रास र करुणाजस्ता विपरीतधर्मी तत्त्वहरूको समन्वयबाट प्राप्त विरेचनलाई भावकका मनसँग सम्बद्ध साहित्य चिन्तन मान्दै कलरिजले आफ्नो कल्पना सिद्धान्तसँग तालमेल गरी यसको मनोवैज्ञानिक व्याख्या गरेका छन् । कल्पना सिद्धान्तले एरिस्टोटलको विरेचन सिद्धान्तको पुनर्व्याख्या गर्ने तथा रिचर्डसका सिद्धान्तको प्रतिपादनमा सैद्धान्तिक आधार प्रदान गर्ने महत्त्वपूर्ण कार्य गरेको छ । यस सन्दर्भबाट हेर्दा पनि एरिस्टोटलको विरेचन सिद्धान्त पछिल्लो समयसम्म पनि निकै प्रभावशाली सिद्धान्तका रूपमा रहेको देखिन्छ ।